# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

संघीय महासंघको सचिवालय

भक्तपुर, नेपाल


पत्र संख्या: ५८२/०८२/०८३

चलानी नम्बर: ५५२

मिति : २०८२।१२।०१

## वन डढेलो नियन्त्रणका लागि सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान

### प्रेश बिज्ञप्ती

गर्मी मौसमको शुरुआत तथा हावाहुरीका कारण आगलागीको समय सुरु हुन गएकोले वन डढेलो नियन्त्रण सम्बन्धी सामुदायिक तथा सरकारी योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायहरु बीच समन्वय गरी डढेलो नियन्त्रण अभियान सन्चालन गरी जैविकविविधता जोगाउने साथै जनधनको क्षति हुनसक्नेप्रति सामुदायिक वन उपभोक्ता महासंघ नेपालको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ । यसै क्रममा विगतका वर्षहरुमा डोल्पा, कालिकोट, भोजपुर, धनकुटा, ललितपुर, रामेछाप, गुल्मी लगायतका जिल्लाहरुमा वन डढेलो निभाउने क्रममा सामुदायिक वनका उपभोक्ताहरु तथा सुरक्षाकर्मीहरुको मृत्यु भएको थियो । यस्तो अवस्था हुन नदिन हामी सवै सचेत र चनाखो हुन जरुरी छ ।

विगतका वर्षहरुमा वन डढेलो नियन्त्रणका लागि देशभरका सामुदायिक वन उपभोक्ता समूहले गर्दै आएको अथक प्रयासप्रति सामुदायिक वन उपभोक्ता महासंघ नेपाल हार्दिक धन्यवाद व्यक्त गर्दै वन डढेलो नियन्त्रण गर्ने जस्तो जोखिमपूर्ण र पूनित कार्यमा वन उपभोक्ता समूहले गरेको योगदानको कुनै न कुनै रुपमा उच्च मूल्याकन हुने कुराप्रति हामी विश्वास दिलाउन चाहन्छौं । औषत तापक्रम निरन्तर बढ्दै गएका कारण वन डढेलोको प्रकोपमा थप वृद्धि हुन सक्ने कुरा सहजै अनुमान गर्न सकिने भएकोले वन डढेलो नियन्त्रणका लागि निम्न बिषयहरुमा ध्यान केन्द्रित गर्नका लागि हार्दिक आव्हान गर्दछौं :

१. दैनिक रुपमा वनमा जाने गोठाला, घाँस दाउरा गर्न जाने कृषक समूह तथा जडीबुटि र काठ दाउरा संकलन गर्न जाने व्यक्तिहरुलाई वनमा डढेलो लाग्न नदिनका लागि वन क्षेत्रमा नै गई नियमित रुपमा सचेतना अभिवृद्धि गरी निरोधात्मक उपायहरु अवलम्बन गर्ने ।
२. वन क्षेत्रमा जाँदा आगलागी गराउन सक्ने वस्तु नलैजान सचेत गराउने र वनमा आगलागी गराएमा कडा कानूनी कारवाही हुने भनी सचेत गराई निषेधात्मक उपायहरु अवलम्बन गर्ने ।
३. सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहले आ-आफ्नो वन व्यवस्थापन योजनामा गरिएको व्यवस्था अनुसार अविलम्ब अग्नी रेखा निर्माण तथा पूनःनिर्माण गर्ने, वन र बस्ती वीचमा भएका पत्कर तथा भाडी हटाउने जस्ता कार्य गरी वनमा प्राकृतिक रुपमा आगलागी भइहालेमा थप फैलन नदिने जस्ता नियन्त्रणात्मक कार्यहरु गर्ने ।
४. कुनै कारणले वनमा आगलागी भएको देखिएमा नियन्त्रणका लागि तत्काल सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय र अन्य सहयोगी सरोकारवाला निकायहरुलाई खवर गरी सहयोग र सहकार्यका

लागि आग्रह गरी समुदाय परिचालन गर्दै समुदायस्तरमा प्राप्त स्रोत साधनको उपयोग गरी वन डढेलो थप फैलन नदिई नियन्त्रण गर्ने ।

५. वन डढेलो नियन्त्रण गर्दा सामुहिक प्रयास जारी राखी सकेसम्म मानवीय क्षति हुनबाट बच्ने उपाय अवलम्बन गर्ने र कुनै व्याक्ति वन डढेलोको चपेटामा पर्न गएमा तत्काल उपचारमा प्राथमिकता दिने ।

देशभरका सामुदायिक वन उपभोक्ता समूहले माथि उल्लेखित प्रयासहरु जारी राखेको र यसका बावजुद खासगरी प्राकृतिक कारण वा मानवीय त्रुटीका कारण वन डढेलो अझैपनि समुदायको नियन्त्रण बाहिर रहन सक्ने भएकोले सम्बन्धित निकाय र सरोकारवालाहरुले देहायका विषयमा ध्यान केन्द्रित गर्नका लागि हार्दिक आव्हान गर्दछौ:

१. वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूहले मागेको सहयोग समयमा नै उपलब्ध गराउने र वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूहलाई औजार, प्राविधिक सहयोग र अन्य आवश्यक सहयोग उपलब्ध गराउने ।
२. वन डढेलो नियन्त्रणका क्रममा वन उपभोक्ता समूहका सदस्यहरु तथा अन्य सरोकारवालाहरु घाइते हुन सक्ने भएकोले तत्काल नि:शुल्क उपचारका लागि सम्बन्धित स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकारका सम्बन्धित निकायले सहयोग पुर्याउने ।
३. वन डढेलो नियन्त्रणका क्रममा घाइते भएका व्याक्तिका परिवारलाई अबिलम्ब राहत उपलब्ध गराउने ।
४. वन डढेलो प्रभावित समुदाय, वन कार्यालय तथा सुरक्षा निकायका बीच निरन्तर सहकार्य गर्ने वातावरण सृजना गर्ने ।
५. वन डढेलोका कारण हुन जाने कार्वन उत्सर्जनले विश्वव्यापी तापक्रम समेत बढन जाने र वायु प्रदुषण समेत वृद्धि भई गम्भीर स्वास्थ्य समस्या सृजना हुने भएकोले वन डढेलोलाई सबैको साझा चुनौतीको रुपमा लिई समुदाय, सरकार र सरोकारवालाहरुका बीचमा गहन सहकार्य हुनु पर्ने ।

माथी उल्लेखित विषयहरुमा सरकारी निकाय र सरोकारवालाहरुले समयमा नै ध्यान दिएमा वन डढेलो नियन्त्रणका लागि समुदायले गर्दै आएका प्रयासहरुले सफलता प्राप्त गर्ने भएकोले यसका लागि समुदाय, सरकार र सरोकारवालहरुका बीचमा सहयोग, समन्वय र सहकार्यका लागि पूनः हार्दिक आव्हान गर्दछौं ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल * २०५२ *

..................
ठाकुर भण्डारी
अध्यक्ष